राष्ट्रको सञ्चार
नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 23, Issue 4 No. 158 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Kartik-Mangsir 2080 (Oct-December 2023)

## प्रतिबद्धतासहित कार्यसम्पादन सम्झौता सम्पन्न





वार्षिक लक्ष्यसहितको योजना र कार्यक्रम सम्पन्न गर्न संस्थाका कार्यकारी प्रमुखसँग गरिने सम्झौताका निम्ति केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले तीव्र प्रतिस्पर्धामा रहेको दूरसञ्चार बजारमा कम्पनीको श्रेष्ठता कायम राखिरहनका लागि निर्धारित लक्ष्यहरु समयमै सम्पन्न गर्न लाग्नुपर्ने बताउनु भएको छ । नेपाल टेलिकममा नयाँ प्रबन्ध निर्देशकको नियुक्तिसँगै सबै प्रमुख अधिकृतहरु, निर्देशक र विभागीय प्रमुखहरुले चालु आर्थिक वर्षमा सम्पन्न गरिने योजना र कार्यक्रमहरु बनाएर त्यसलाई सम्पन्न गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको छ । चालु आर्थिक वर्ष २०८०/८१ मा पूरा गरिने योजना र कार्यक्रम निर्धारण गरी समयमै सम्पन्न गर्ने प्रतिबद्धतासहित कम्पनीका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र प्रमुख अधिकृतहरुबीच कार्यसम्पादन सम्झौता पनि सम्पन्न भएको हो ।

गत कात्तिक २ गते सम्पन्न कार्यक्रममा प्रमुख प्राविधिक अधिकृत तथा वायरलेस सेवा निर्देशनालयकी निर्देशक मिनु प्रधान, प्रमुख व्यावसायिक अधिकृत विनिता श्रेष्ठ, प्रमुख सञ्चालन अधिकृत फविन्द्रलाल उपाध्याय, प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठ, प्रमुख मानव संशाधन अधिकृत सुरज सिंह थापा, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक राधाकृष्ण ढुंगेल, कम्पनी सचिव राजेन्द्र अर्याल र आन्तरिक लेखा परीक्षण तथा निरीक्षण विभाग प्रमुख प्रेम बहादुर गुरुङसँग प्रबन्ध निर्देशक पहाडीले कार्यसम्पादन सम्झौता गर्नुभएको थियो ।

## बढी आयकर दाखिला गरेकोमा नेपाल टेलिकम सम्मानित



आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी आयकर दाखिला गरेकोले नेपाल टेलिकमलाई सम्मान पत्र प्रदान गरिएको छ । गत मंसिर ७ गते आयोजित एक कार्यक्रमका बीच नेपाल टेलिकमलाई अर्थमन्त्री डा. प्रकाशशरण महतले सम्मानित गर्नुभएको हो । नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले सो सम्मान ग्रहण गर्नुभयो ।

आन्तरिक राजस्व विभागले हरेक वर्ष मंसिर १ गते राष्ट्रिय कर दिवस मनाउँदै आएको छ भने सोही दिन उत्कृष्ट करदातालाई पनि सम्मानित गर्दै आएको छ । यस वर्ष भने विभागले सम्मान वितरण कार्यक्रम मंसिर ७ गते राखेको थियो । सो अवसरमा नेपाल टेलिकम सहित सबैभन्दा धेरै कर तिर्ने अन्य व्यक्ति र संस्थालाई सम्मानित गरिएको थियो ।

## भूकम्प पीडितक्षेत्रमा कम्पनीका सिम र सेवा नि:शुल्क

नेपालको रुकुम पूर्व, रुकुम पश्चिम र जाजरकोट जिल्लामा ठूलो मानवीय र धनजनको क्षति हुनेगरी गत कात्तिक १७ गते मध्यरातमा गएको शक्तिशाली भूकम्पबाट प्रभावित हुनुभएका तथा त्यस क्षेत्रमा उद्धार तथा सहयोग कार्यमा संलग्न सबैलाई नेपाल टेलिकमले नि:शुल्क सिम र सेवा प्रदान गरेको छ । भूकम्पबाट उत्पन्न विषम परिस्थितिमा नेपाल टेलिकमले सेवाग्राहीप्रति आफ्नो कर्तव्यबोध गर्दै कुराकानी गर्ने र सन्देश पठाउने सेवा रुकुम पूर्व, रुकुम पश्चिम र जाजरकोट तीनै जिल्लामा सिमसहित कात्तिक १८ गतेदेखि नि:शुल्क उपलब्ध गराएको हो । कम्पनीले यो सुविधा ५ दिनका लागि प्रदान गरेको थियो । यसका साथै कम्पनीले ती क्षेत्रमा दूरसञ्चार सेवा नियमित रुपमा सुचारु राख्नका लागि विशेष कार्यदल गठन गरी जिम्मेवारी पनि दिएको थियो ।

*(बाँकी ४ पेजमा)*

# सुदूरपश्चिम प्रदेशमा नेपाल टेलिकम

# कर्णाली चिसापानीदेखि दोधारा चाँदनी र छाङरुदेखि टिंकरसम्म कम्पनीका सेवा



नेपाल टेलिकमका ७ प्रादेशिक निर्देशनालयहरु मध्ये प्रादेशिक निर्देशनालय अत्तरिया, सुदूरपश्चिम प्रदेशको फरक पहिचान छ। देशको सुदूर पश्चिममा रहेको तथा चीन र भारत दुवै देशसँग सीमा जोडिएका जिल्लाहरु समेटिएको यो प्रदेशमा तराईका सुगमदेखि पहाडी र हिमाली भेगका दुर्गम स्थानसम्म दूरसञ्चार सेवाहरु प्रदान गर्नुपर्ने जिम्मेवारी छ। कर्णाली चिसापानीदेखि भारतसँग जोडिएको नेपालको पश्चिमी भाग गड्डाचौकी हुँदै दोधारा चाँदनीसम्म तथा भारत र चीन सहितको त्रिदेशीय सिमाना छाङरुदेखि उत्तर पश्चिमको अन्तिम वस्ती टिंकरजस्ता विकट स्थानसम्म नेपाल टेलिकमले सेवा उपलब्ध गराएको छ।

प्रादेशिक निर्देशनालय अन्तर्गत बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला, बैतडी, डडेलधुरा, कञ्चनपुर र कैलाली जिल्ला पर्छन्। नेपाल टेलिकमले निर्देशनालय अन्तर्गत डडेलधुरा, धनगढी र महेन्द्रनगर गरी तीन स्थानका दूरसञ्चार कार्यालयलाई लेखा कार्यालयको रुपमा जिम्मेवारी प्रदान गरी सेवा उपलब्ध गराइरहेको छ। ती लेखा कार्यालय अन्तर्गत पनि विभिन्न स्थानमा दूरसञ्चार कार्यालय छन्। निर्देशनालय अन्तर्गत हाल १८० कर्मचारी कार्यरत छन्।

यो क्षेत्रमा नेपाल टेलिकमका मोबाइल सेवाका साथै ल्याण्डलाइन टेलिफोन, एफटीटीएच, लिज लाइन, एडीएसएल, नमस्ते वाइफाई, टोल फ्रि नम्बर, VAS अन्तर्गतका विभिन्न सेवाका प्रयोगकर्ता रहेका छन्।

## वायरलेस सेवा

सुदूरपश्चिम प्रदेशमा वायरलेस सेवा अन्तर्गत जीएसएम पोस्टपेड प्रयोगकर्ता १ लाख ३५ हजार र प्रिपेड प्रयोगकर्ता २५ लाख ४० हजारभन्दा बढी छन्।

उत्तरी क्षेत्रका साइपालदेखि टिंकरसम्म र भारत तथा चीनसँग जोडिएको त्रिदेशीय सिमाना छाङरुसम्म मात्र होइन, नेपालका प्रमुख शहरको पहिचान बनाएका धनगढी र महेन्द्रनगर लगायतका तराई क्षेत्रसम्मका सेवाग्राहीका लागि सेवा विस्तार र मर्मत सम्भार गर्नुपर्दछ। यही प्रदेशमा महाकाली करिडोर र हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्ग तथा महेन्द्र राजमार्गका खण्डहरु पर्छन्। मोबाइल सेवाका लागि प्रदेश अन्तर्गत ३८३ जीएसएम फोरजी बीटीएस समेत गरी ४६१ बीटीएस साइटमार्फत सेवा उपलब्ध गराइएको छ। बाजुराको हिमाली गाउँपालिकाको बिच्छा र दार्चुलाको टिंकरलगायतका विकट स्थानमा भिस्याटमार्फत सेवा उपलब्ध गराइएको छ।

## एफटीटीएचमा स्थानान्तरण

कम्पनीद्वारा प्राथमिकताका साथ अघि बढाइएको तामाको तारबाट चल्ने पुरानो प्रविधियुक्त सेवालाई टेलिफोन, इन्टरनेट र टेलिभिजन समेत चलाउन मिल्ने अत्याधुनिक एफटीटीएच प्रविधियुक्त सेवामा स्थानान्तरण गर्ने कार्य व्यापक रुपमा भइरहेको छ। बैतडी जिल्लाको बैतडी, झुलाघाट, पाटन, खोडपे र देहिमान्डु, डडेलधुरा जिल्लाको डडेलधुरा र जोगबुडा, बझाङ जिल्लाको चैनपुर, डोटी जिल्लाको सिलगढी, दिपायल र बुडर, अछामको साँफेबगर र मंगलसेन, बाजुराको मार्तडी, दार्चुलाको गोकुलेश्वर र खलंगा, कैलालीको धनगढी, टिकापुर, चिसापानी, लम्की, भजनी, पहलमानपुर, अत्तरिया, राजीपुर र गेटा तथा कञ्चनपुरको बेलौरी, पुनर्वास, झलारी, गुलरिया र ब्रम्हदेवमा स्थानान्तरण गर्ने कार्य सम्पन्न भइसकेको छ। बाँकी स्थानमा समेत यो कार्य जारी रहेको छ र छिट्टै नै प्रदेशभर सम्पन्न गरिने छ।

बाजुराको बुढीगंगा, डोटीको गोप्घाट र कैलालीको खानीडाँडा लगायतका स्थानमा नयाँ नेटवर्क तयार भई एफटीटीएच लाइन जडान कार्य सम्पन्न भएको छ।




सुदूर पश्चिम प्रदेश अन्तर्गतका ९ वटै जिल्लामा नेपाल टेलिकमले एफटीटीएच प्रविधिको उच्च गुणस्तरीय एनटी फाइबर इन्टरनेट उपलब्ध गराइरहेको छ। यो प्रदेशमा २० हजारभन्दा बढी सीपीई वितरण भई सेवाग्राहीले भ्वाइस, डाटा र आईपीटीभी प्रयोग गरिरहेका छन्। हाल १५३ एफडीसीमार्फत ७७ हजारभन्दा बढी लाइन वितरण गर्नसक्ने क्षमताको नेटवर्क तयार भएको छ।

गत आर्थिक वर्षमा प्रादेशिक निर्देशनालयले सेवा वितरणतर्फ तोकिएको लक्ष्यको १०९ प्रतिशत र नेटवर्कतर्फ १०३ प्रतिशतभन्दा बढी लक्ष्य हासिल गरेको थियो। चालु आर्थिक वर्षमा पनि हालसम्म नेटवर्क निर्माणतर्फ ५० प्रतिशत भन्दा बढी नै लक्ष्य हासिल हुने क्रममा रहेको छ।

## ब्याकबोन नेटवर्क

मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग र महेन्द्र राजमार्गमा OPGW, ADSS, UG Fiber र माइक्रोवेभ लिंकमार्फत ट्रान्समिसन लिंक बलियो बनाउने कार्य भइरहेको छ। प्रदेश अन्तर्गत कर्णाली चिसापानीदेखि कञ्चनपुरको लालपुरसम्म र कैलालीको अत्तरियादेखि डडेलधुरासम्म OPGW मार्फत 100G DWDM को उपकरणहरु सञ्चालनमा छन्। यसैगरी जिल्लाका सदरमुकामहरुमा ADSS मार्फत र कतिपय पहाडी जिल्लाहरुमा माइक्रोवेभमार्फत सेवा सञ्चालन गरिएको छ।

मध्य पहाडी लोकमार्ग अन्तर्गत कम्पनीका सेवाको व्यापक विस्तारका लागि अप्टिकल फाइबर रुट निर्माण गर्ने योजना छ। यस अनुसार सुर्खेतको राकम हुँदै अछामको विनायक, ठुलासैन, मंगलसेन, साँफे तथा डडेलधुराको स्याउले हुँदै बैतडीको झुलाघाटसम्म सर्भे सम्पन्न भइसकेको छ। कम्पनीको विशेष आयोजना विभागले सो लोकमार्ग अन्तर्गत जोगबुडा-बुडर, झुलाघाट-दू.सं.का. बैतडी, गोकुले-दू.सं.का. दार्चुला, खोडपे-दू.सं.का बझाङ चैनपुर र साँफेबगर-दू.सं.का. मार्तडीसम्म नेटवर्क निर्माण गरी सञ्चालनमा ल्याइसकेको छ।

हुलाकी राजमार्ग अन्तर्गत बेलौरीदेखि राजापुरसम्मको करिब १०५ किलोमिटर खण्डका साथै बेलौरीदेखि हसुलियासम्मको खण्डमा फाइबर लिंक निर्माण भइसकेकोमा सडक विस्तारको क्रममा केही क्षति भई सोको मर्मत कार्य जारी छ। बाँकी स्थानमा

(बाँकी ३ पेजमा)

# नेपालगञ्ज गतिविधि

नेपालगञ्जमा रहेको तत्कालीन क्षेत्रीय निर्देशनालय सुर्खेतमा स्थानान्तरण भए पश्चात हाल दूरसञ्चार कार्यालय नेपालगञ्जले नेपालगञ्ज र आसपासका स्थानमा कम्पनीका सेवाहरु सञ्चालन तथा प्रवर्द्धन गर्दै आएको छ। दूरसञ्चार कार्यालय नेपालगञ्ज अन्तर्गत नेपालगञ्जका साथै कोहलपुर, गुलरिया, भुरीगाउँ र राजापुरमा दूरसञ्चार कार्यालय सञ्चालनमा छन्। नेपालगञ्जमा पनि तामाको तारबाट सञ्चालित नेटवर्कलाई एफटीटीएच प्रविधिमा रुपान्तरण गर्ने कार्य भइरहेको छ र समापनको क्रममा रहेको छ।

क्रमशः २८, १८ र १३ एफडीसी तयार गरिएको छ। खजुरामा ३, गुलरियामा २ र भुरीगाउँ, बाँसगढी र शमशेरगन्जमा १/१ एफडीसी तयार भएका छन्।

गत कात्तिक १५ देखि २२ गतेसम्म सम्पन्न 'मुख्यमन्त्री कोहलपुर गोल्डकप २०८०' को मुख्य प्रायोजक नेपाल टेलिकम रहेको थियो। यसमा कम्पनीका व्यापार प्रवर्धनसम्बन्धी विभिन्न सामग्री प्रदर्शन गरिएको थियो।

गत आर्थिक वर्षमा दूरसञ्चार कार्यालय नेपालगञ्जले व्यापार प्रवर्द्धनसम्बन्धी विभिन्न कार्य गरेको छ। क्यास कार्ड बिक्रीका आधारमा काठमाडौं पछि सो कार्यालय दोस्रो स्थानमा रहेको थियो।

गत २०७९ मंसिर महिनामा नेपालगञ्जको रामलिला मैदानमा मानव सेवा आश्रमद्वारा आयोजित



बाँके जिल्ला अन्तर्गत नेपालगञ्जको E10B-HOST स्थानान्तरण भइसकेको छ। त्यसैगरी कारकाँदो, खजुरा, राँझा एयरपोर्ट, कोरियनपुर, एनएसी बिल्डिङ, तेजनगर र धम्बोझीमा रहेका MSAG तथा MSAN एफटीटीएचमा रुपान्तरण गरिएका छन्। त्यसैगरी शमशेरगञ्जमा रहेको VOIP DSLAM पनि रुपान्तरण गरिएको छ। बर्दिया जिल्लाअन्तर्गत बाँसगढी र भुरीगाउँमा रहेका MSAN एफटीटीएचमा रुपान्तरण भएका छन्।

एनटी फाइबर इन्टरनेट उपलब्ध गराउनका लागि यहाँ ६७ एफडीसीमार्फत नेटवर्क तयार भएका छन्। यस अनुसार नेपालगञ्ज, कारकाँदो र कोहलपुरमा

सांगीतिक कार्यक्रम प्रायोजन गरी कम्पनीका सेवाहरुको प्रवर्द्धनका लागि विभिन्न ब्यानर राखिएको थियो। त्यसैगरी गत फागुन महिनामा बाँके असल शासन क्लबद्वारा आयोजित शैक्षिक क्विज प्रतियोगिता समेत प्रायोजन गरेको थियो। गत चैत महिनामा अटो रिक्सा चालकहरुलाई नेपाल टेलिकमको एनटी फाइबर लोगो भएको टिसर्ट वितरण गरिएको थियो।

एनटी फाइबर लगायतका विभिन्न प्याकेजहरुका बारेमा स्थानीय सञ्चार माध्यममार्फत सन्देश प्रसारण गरिनुका साथै विभिन्न स्थानमा नयाँ बीटीएस टावर सञ्चालनमा आए पश्चात् नि:शुल्क सिम वितरण कार्य समेत गरिएको छ।

# एनटी फाइबरमा एक महिना नि:शुल्क डाटा




एनटी फाइबर प्रविधि अन्तर्गत हाल टेलिफोन सेवा मात्र प्रयोग गरिरहनुभएका सेवाग्राहीले अब परीक्षणको रुपमा एक महिना सम्म डाटा सुविधा नि:शुल्क प्रयोग गर्न सक्नु हुनेछ। नेपाल टेलिकमले मंसिर २५ देखि लागु हुनेगरी एनटी फाइबर प्रविधि अन्तर्गत टेलिफोन सेवा मात्र प्रयोग गरिरहनुभएका सेवाग्राहीलाई प्रोमोसनल अफर (Promotional Offer) का रुपमा एक महिना सम्म नि:शुल्क ५० एमबीपीएस स्पिडको डाटा सेवा उपलब्ध गराएको छ।

यो सेवा प्रयोग गर्नका लागि १९८-१ (१९८ मा डायल गरी प्राप्त सन्देशपश्चात फेरि १ डायल गरी) मा अनुरोध गर्न सकिन्छ। त्यसैगरी नजिकको दूरसञ्चार कार्यालयमार्फत पनि यो सुविधा लिन सकिन्छ।

एक जना ग्राहकका लागि यो सुविधा एक पटक मात्र उपलब्ध हुनेछ। एक महिना भन्दा बढी समय सम्म यो सेवा निरन्तर प्रयोग गर्ने इच्छा भएमा सेवाग्राहीले १९८-१ मा कल गरी वा नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क गरी स:शुल्क रुपमा यो सेवा प्रयोग गर्न सकिने छ।

(२ पेजको बाँकी)

# कर्णाली चिसापानीदेखि ...

समेत लक्ष्य हासिल हुनेगरी विभागले आवश्यक योजना बनाइरहेको छ।

यी सबै कार्यमार्फत भ्वाइस सेवालाई गुणस्तरीय बनाउने र उच्च क्षमताको डाटा उपलब्ध गराउने कार्यमा सघाउ पुग्नेछ। त्यसैगरी कुनै स्थानमा भइरहेको नेटवर्कबाट सेवा प्रवाहमा व्यवधान भएमा वैकल्पिक रुटको रुपमा समेत यसलाई प्रयोग गर्न सकिने र सेवालाई निरन्तरता दिन सकिने छ।

## पावर

प्रदेश अन्तर्गतका अधिकांश पहाडी जिल्लाका विकट स्थानहरुमा विद्युत लाइन उपलब्ध नभएका कारण साइटमा सोलार पावरमार्फत सेवा उपलब्ध गराउँदा मौसम राम्रो भएको समयमा मात्र सेवा उपलब्ध हुने अवस्था थियो। सेवाग्राहीको गुनासो कम गर्न र सेवालाई गुणस्तरीय बनाउनका लागि हाल विभिन्न स्थानमा जेनेरेटर जडान, सोलार पावरको क्षमता अभिवृद्धि र विद्युतीकरण गर्ने कार्यलाई प्रादेशिक निर्देशनालयले प्राथमिकतामा राखेको छ। यस कार्यमा स्थानीय निकायको समेत महत्वपूर्ण सहयोग प्राप्त भइरहेको छ। गत आर्थिक वर्षमा विभिन्न स्थानमा जेनेरेटर जडान र करिब १७ स्थानमा विद्युतीकरणको कार्य सम्पन्न भई हाल अन्य स्थानमा समेत सो कार्यलाई निरन्तरता दिइएको छ।



## संस्थागत सामाजिक उत्तरदायित्व र अन्य

कम्पनीले सेवा सञ्चालन तथा प्रवर्द्धनका साथै संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्य समेत गर्दै आएको छ। गत आर्थिक वर्षमा कैलालीको टिकापुर पार्कमा ४० वटा डस्टबिन वितरण गरिएको थियो भने कञ्चनपुरको समाज कल्याण अञ्चल बाल अनाथालयलाई २५ एमबीपीएस डाटा, भ्वाइस, एनटीटीभी र १ वर्षको इन्टरनेट प्याकेज सहितको सेवा उपलब्ध गराइएको थियो। त्यसैगरी बैतडीको पञ्चेश्वरस्थित कुलाउ मा.वि.लाई खेलकुद सामग्री वितरण र बाजुराको बडीमालिकास्थित नेपाल राष्ट्रिय मा.वि.लाई स्यानिटरी प्याड भेन्डिङ मेसिन वितरण गरिएको थियो।

चालु आर्थिक वर्षमा विभिन्न अस्पताल, नगरपालिका र गाउँपालिकाहरुमा १७ थान मल्टिचार्जर वितरण गरिएको छ। नयाँ टावर सञ्चालन भएका विजयपुर, पहलमानपुर, बिजुलिया लगायतका स्थानमा रु. १ शुल्कमा सिम वितरण गरिएको छ। धनगढीदेखि अत्तरियासम्मको ६ लेन सडकको बीचमा रहेको हरियाली क्षेत्रमा नेपाल टेलिकमले ट्रि-गार्डको व्यवस्था गरेको छ।

(१ पेजको बाँकी)

## भूकम्प पीडितक्षेत्रमा ...

आवश्यकता बमोजिम निःशुल्क सिम कम्पनीको सुर्खेत, रुकुम पूर्व, रुकुम पश्चिम र जाजरकोटका कार्यालयबाट उपलब्ध गराइएको थियो । उद्धार क्षेत्रमा सूचना आदानप्रदान गर्न आवश्यकता अनुसार निःशुल्क नमस्ते वाइफाई सेवा पनि उपलब्ध गराइएको थियो । भूकम्पबाट प्रभावित क्षेत्रमा कम्पनीका सेवाहरु निःशुल्क उपलब्ध गराउँदा उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास कम्पनीले लिएको छ । साथै, कम्पनीले भूकम्पमा परी दिवंगत हुनु भएकाहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा चीर शान्तिको कामना गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि व्यक्त गरेको छ ।

## बढ्दैछ एम टु एम सिमको प्रयोग

नेपाल टेलिकमले अत्याधुनिक प्रविधि प्रयोग गरी विविध दूरसञ्चार सेवाहरु उपलब्ध गराउँदै आएको छ । प्रविधिको विकाससँगै नयाँ सुविधायुक्त सेवाहरु उपलब्ध गराउने क्रममा कम्पनीले मोबाइल सेवामार्फत व्यक्ति व्यक्तिबीच हुने सम्पर्कमा सीमित नरही उपकरण र व्यक्ति तथा उपकरण-उपकरणहरु (Machine to Machine - M2M) बीच समेत सन्देश आदान-प्रदान गर्न सकिने सिमकार्ड पनि उपलब्ध गराइरहेको छ । यस्तो सिम एउटा मेशिनबाट अर्को मेशिनमा सम्बन्ध स्थापित गरी सन्देश प्रवाह गर्नका लागि प्रयोग गरिन्छ । मेशिनबाट मेशिनमा आवश्यक सन्देश र गतिविधिहरु पठाएर पनि कामहरु गर्न प्रयोग हुने भएकाले यसलाई एम टु एम (M to M) सिम भनिएको हो । मेशिनको सम्बन्ध सर्भरसँग स्थापित गरी मेशिनमा भएका गतिविधि र कार्यका सूचना निरन्तर लिइरहनका लागि यो सिमको प्रयोग अत्यन्त तीव्र गतिमा भइरहेको छ ।

M2M सिमको प्रयोग Vehicle Tracking, Payment Notification, NEA: Smart Street Light, Smoke Detection, साना/ठूला उद्योगहरुको गतिविधि निगरानी तथा नियन्त्रण गर्नका लागि पनि गर्न सकिन्छ । हाल नेपाल टेलिकमले एम टु एम सिम ग्राहकको सुविधाका लागि प्याकेज प्रदान गरी उपलब्ध गराइरहेको छ । कम्पनीले उपलब्ध गराउने M2M Communication लक्षित प्याकेजहरु लोकप्रिय रहेको र विभिन्न संघ/संस्थाहरु यो सेवाको प्रयोगतर्फ आकर्षित भइरहेका छन् ।

नेपाल विद्युत प्राधिकरण, खानेपानी कार्यालय, जल तथा मौसम विज्ञान विभाग जस्ता सेवा वितरण गर्ने संस्थाहरुले यो सिमको प्रयोग गरी सेवाहरुलाई थप व्यवस्थित बनाइरहेका छन् । सिमको प्रयोगबाटै विद्युत प्राधिकरणले हरेक घरका मिटरमा भइरहेका गतिविधि उसले चाहेको कार्यालयको सर्भरमा प्राप्त गरिरहेको छ । यसको प्रयोग सिसीटिभी, वासिङ मेशिन, रेफ्रिजेरेटर लगायतका अन्य उपकरणलाई कुनै प्रणालीमा आबद्ध गनका लार्गि पनि गर्न सकिन्छ । निवास, कार्यालय तथा अन्य कार्यक्रम स्थलहरुमा एम टु एम सिमको प्रयोग गरी हरेक क्षणका गतिविधिहरु हेरेर आवश्यक निर्देशन दिन वा सूचनाहरु प्राप्त गर्न पनि सकिन्छ । यो सिम संस्थागत रुपमा प्रयोग हुने गरेको छ ।

# नेपाल टेलिकम र कर्मचारी सञ्चय कोषबीच सम्झौता



नेपाल टेलिकमका कर्मचारीहरुको योगदानमा आधारित निवृत्तिभरण रकम कर्मचारी सञ्चय कोषमार्फत सञ्चालन गर्ने गरी सम्झौता सम्पन्न भएको छ । सो रकम कम्पनीको कर्मचारी विनियमावली तथा 'सार्वजनिक निकायका कर्मचारीको निवृत्तिभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७' अनुरुप व्यवस्थापन गरिने छ ।

सम्झौता पत्रमा कम्पनीको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) तथा कर्मचारी सञ्चय कोषको तर्फबाट प्रशासक जितेन्द्र धितालले हस्ताक्षर गर्नुभएको छ । सो सम्झौता गत मंसिर १८ गते सम्पन्न भएको थियो ।

सम्झौता अनुसार सम्बत २०६६ कार्तिक १ गते पछि नेपाल टेलिकममा स्थायी नियुक्ति भएका कर्मचारीलाई सार्वजनिक निकायका कर्मचारीको निवृत्तिभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७ बमोजिम आजीवन निवृत्तिभरण योजनामा सहभागी गराइनेछ । सो योजनामा सहभागी कर्मचारीहरुलाई नेपाल टेलिकमको प्रचलित कर्मचारी विनियमावलीमा भएका व्यवस्था बमोजिम हुने गरी निवृत्तिभरण तथा अन्य सुविधा प्रदान गर्ने दायित्व कर्मचारी सञ्चय कोषको हुनेछ ।

सो अवसरमा नेपाल टेलिकम र कर्मचारी सञ्चय कोषबीच लामो समयदेखि रहेको सहकार्यको वारेमा चर्चा गरिनुका साथै आगामी दिनमा समेत थप सहकार्य गर्न सकिने सम्भावना वारेमा दुवै पक्षका बीच छलफल भएको थियो ।

उक्त कार्यक्रममा कम्पनीका प्रमुख वित्तीय अधिकृत राजेन्द्र श्रेष्ठ, प्रमुख मानव संशाधन अधिकृत सुरज सिंह थापा, प्रबन्धक बिमल आचार्य, प्रबन्धक सञ्जिव कुमार श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

## ना.प्र.नि. प्रधान सेवानिवृत्त

नेपाल टेलिकमको सेवाबाट नायव प्रबन्ध निर्देशक मिनु प्रधान सेवानिवृत्त हुनुभएको छ । कम्पनीको प्रमुख प्राविधिक अधिकृत तथा वायरलेस सेवा निर्देशनालयको निर्देशकको रुपमा कार्यरत प्रधान गत मंसिर २२ देखि लागू हुने गरी उमेर हदका कारण सेवानिवृत्त हुनुभएको हो ।

नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा गत मंसिर २१ गते आयोजित एक कार्यक्रमका बीच प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले ना.प्र.नि. प्रधानलाई बिदाइ गर्नुभयो ।

सो अवसरमा ना.प्र.नि. प्रधानले शुरुमा इन्जिनियरको रुपमा तत्कालीन नेपाल दूरसञ्चार संस्थानमा प्रवेश गरे पश्चातका विभिन्न अनुभवहरु सुनाउनु भएको थियो । सुरुवातका विभिन्न प्रविधि हुँदै हालको फोरजी सम्मका प्रविधिको विस्तारमा भूमिका निर्वाह गर्न पाएकोमा सन्तुष्टि व्यक्त गर्दै उहाँले इमान्दारिपूर्वक कार्य गरेमा नै सबैको हित हुने बताउनु भयो ।

प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल)ले ना.प्र.नि. प्रधानको सक्रियता र क्रियाशीलताबाट धेरै कर्मचारीहरु प्रभावित भएको र कम्पनीले हासिल गरेका विभिन्न महत्वपूर्ण उपलब्धिहरुमा उहाँको विशेष भूमिका रहेको बताउनु भयो । उहाँको सुखमय निवृत्त जीवनको कामना गर्दै प्रबन्ध निर्देशक



पहाडीले आगामी दिनमा समेत सल्लाह, सुझावको अपेक्षा गर्नुभयो ।

२०४७ असार १ मा अस्थायी र २०४८ असार २७ मा स्थायी रुपमा इन्जिनियरको रुपमा सेवा प्रवेश गर्नुभएकोमा उहाँ गत २०७८ माघ १८ देखि वायरलेस सेवा निर्देशनालयको निर्देशक र २०८० असोज २५ देखि प्रमुख प्राविधिक अधिकृतको समेत जिम्मेवारीमा हुनुहुन्थ्यो । आफ्नो कार्यकालमा उहाँले विभिन्न विभाग र निर्देशनालयको नेतृत्व गर्नुभएको थियो ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Parmatma Bhattarai

Editor : Eka Raj Subedi
Editorial Team : Meghanath Dhakal